# स्थानीय तहमा राजनैतिक दलहरुको घोषणापत्र विश्लेषण २०७९

NCE NEPAL

शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिई नेपाल)

## सन्दर्भ

नेपालको संविधानको धारा ३१ मा शिक्षा सम्बन्धी हक उल्लेखित छ । उक्त धाराले प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहूँचको हक हुने, प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने, अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने, नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था स्थापना र सञ्चालन गर्न पाउने हक हुने जस्ता शिक्षा सम्बन्धी मौलिक हकको प्रत्याभूत गरेको छ ।

संविधानले प्रद्वत निःशुल्क शिक्षा अधिकारको सुनिश्चितता सरकार र सबैको जिम्मेवारी हो तर आज पनि कयौ बालबालिका शिक्षाबाट वञ्चित छन् । यस क्षेत्रको विकासका लागि विभिन्न राजनैतिक दलले कार्ययोजनाहरु बनाई आफ्नो घोषणापत्रमा उल्लेख गरी सोहि अनुरुप कार्य गर्ने प्रतिवद्धता जनाएको हुन्छन् । संविधानले सबै बालबालिकाको नि:शुल्क, अनिवार्य तथा गुणस्तरिय विद्यालय शिक्षाको अधिकारको सुनिश्चितता गर्ने दायित्व स्थानिय तहलाई प्रदान गरेको छ। एनसिई नेपाल समावेशी तथा गुणस्तरिय शिक्षा अधिकारको रक्षाका सवालहरुमा पैरवी गर्ने संस्था हो । र यस संस्थाले शिक्षा क्षेत्रको विकासका लागि सरोकारवालाहरुसंगको साझेदारीमा सरकारको ध्यानाकर्षण गर्ने र खवरदारी गर्ने कार्य गर्दछ । सबै बालबालिकाको शिक्षा अधिकारको रक्षा गर्न र शिक्षालाई समावेशी, गुणस्तरिय र समतामुलक बनाउनका लागि एनसिई नेपालले आसन्न स्थानिय चुनावका बेला राजनैतिक दलहरुले आफ्ना घोषणापत्रमा समावेस गर्नुपर्ने विभिन्न २० बुँदे सुझाव पत्र हस्तान्तरण गरेको थियो ।

## उद्देश्य

***यस विश्लेषणको मुख्य उद्देश्य:***

- स्थानिय चुनावका बेला राजनैतिक दलले आफ्नो घोषणापत्रमा शिक्षा क्षेत्र सुधारमा गरेका प्रतिबद्धताका पहिचान र विश्लेषण गर्ने,
- शिक्षा क्षेत्रमा पनि सबै राजनैतिक दलको घोषणपत्रमा विशेष प्रथमिकतामा परेको ऐजेन्डाहरुको पहिचान गर्ने,

- स्थानिय निर्वाचनलाई मध्यनजर गर्दै एनसिई नेपाल र यसका सदस्य संस्थाद्वारा जिल्ला तथा प्रदेशस्तरका प्रमुख राजनैतिक दलका नेतालाई शिक्षा सम्बन्धि २० बुँदें नागरीक अपिल तथा ज्ञापनपत्र पेश गरेको थियो, त्यस सुझाव पत्र अनुसार घोषणा पत्रमा कति विषयवस्तुको समावेश भए त्यसको पहिचान र विश्लेषण ।

## पद्धति

यो विश्लेषण राजनैतिक दलका धोषणापत्रको समीक्षामा मात्र आधारित छ । राजनैतिक दलको घोषणापत्रबाट शैक्षिक क्षेत्रमा गरीने भनिएका सुधारका कार्यहरुलाई समिक्षाबाट यो विश्लेषण कार्य गरिएको हो । साथै, एनसिई नेपालका विगतका वर्षहरुमा प्रकाशित कागजातहरुको समिक्षा पनि अध्ययनको लागि प्रयोग गरिएको थियो ।

स्थानिय निवार्चनका समयमा निर्वाचनमा प्रतिष्पर्धा गर्नुभएका राजनैतिक दलले र स्वतन्त्र उमेदवारलेहरुले नेपालको सार्वजनिक शिक्षामा देखिएका समस्या न्युनिकरण गर्नका लागि विभिन्न परिकल्पना र कार्ययोजना आफ्नो घोषणापत्रमा समेटेर त्यहि अनुरुप कार्य गर्ने बाचाका साथ आफ्नो प्रतिबद्धता पत्र सार्वजनिक गर्नुभएको छ ।

**तलको तालिकामा विभिन्न राजनैतिक दलले शैक्षिक सुधारका क्षेत्रमा आफ्ना घोषणापत्रमा उठाएका सवालहरुको बारेमा उल्लेख गरिएको छ ।**

| | घोषणापत्रमा समेटिएका शिक्षाका सवाल |
|---|---|
| **बालेन शाहा** | १.काठमाडौं महानगरपालिकाका सामुदायिक विद्यालयको पूर्वाधार, गुणस्तर र वातावरणमा सुधार गर्ने र प्राविधक शिक्षामा जोड दिने ।<br>२. इतिहास, योग, आर्युवेद जस्ता पौराणणक शिक्षा सँगसगै विश्वस्तरमा जोड्न सकिने खालका उच्चस्तरीय प्रविधिसहितका कक्षा १ देखी ८ सम्मको पाठयक्रम परिमाजन गर्ने ।<br>३. हप्तामा एक दिन सामुदायिक विद्यालयमा शिप, उद्यमशिलता, खेलकुद,संगित,कला तथा नेतृत्व विकासका लागि प्रशिक्षण कार्यक्रम व्यवस्था गरीने छ ।<br>निजी विद्यालय मासिक शुल्क बमोजजम गुणस्तरी  शिक्षा छ, छैन अडिट गरिने ।<br>४. अन्तर्राष्ट्रिय विद्यालयहरुलाई राष्ट्रिय विद्यालयहरुसंग सहकार्य गरिने र सांस्कृतिक, जिवनशैली, शिक्षा प्रणाली आदिको आदानप्रदान गर्न भगिनी सम्बन्ध सुरु गरिने । |

| | |
|---|---|
| | ५. प्रारम्भिक बाल्यकाल शिक्षा देखी सुचना प्रविधि शिक्षाको परिचय दिने गरी पाठ्यक्रम विकास गरिने ।<br>६. सरकारी विद्यालयहरुमा निःशुल्क स्यानिटरी प्याड उपलब्ध गराइने । |
| **जनता समाजबादी पार्टी** | शिक्षा प्रणालीलाई जगैदेखि रूपान्तरण गर्ने । त्यसका लागी श्रम, रोजगारमूलक र गुणस्तरीय शिक्षा प्रदान गर्न जोड गर्ने, माध्यमिक विद्यालय तह सम्मको शिक्षालाई व्यवहारीक रूपमा नै नि:शुल्क र गुणस्तरिय बनाईने, प्रारम्भमा "एक पालिका एक मोडल स्कुल" को अवधारणालाई कार्यान्वयन गर्ने, सबै विद्यालयहरूमा कम्प्युटर शिक्षा दिइने, विशेष शिक्षा (अपाङ्ग शिक्षा)लाई विस्तार गर्ने, आधारभूत तहमा मातृभाषामा शिक्षा प्रदान गर्ने, आधारभूत भन्दा माथिल्लो तहमा अंग्रेजी, नेपाली र कम्तीमा एक प्रादेशिक भाषासहित बहुभाषिक नीति लागू गर्ने, गणित, विज्ञान, स्वास्थ्य विज्ञानलगायतका आधुनिक विषयहरूको पढाई अंग्रेजी माध्यामबाट गर्ने, विद्यालय र घरवस्तीको दुरी १ घण्टाभन्दा बढी भएका विद्यार्थीहरूका लागि विद्यालय हाताभित्रै होस्टल निर्माण अभियान प्रारम्भ गर्ने, स्थानीय तहहरूले शिक्षामा सुरूमा कूल बजेटको १० प्रतिशतसम्म लगानी गर्ने । |
| **विवेकशिल साझा** | १. महानगरपालिकाको बजेटमा शिक्षालाई उच्च प्राथमिकता दिई उल्लेख्य रकम वृद्धि गरिने ।<br>२. सामुदायिक विद्यालयहरूमा १२ कक्षासम्मको शिक्षा निःशुल्क गरिने ।<br>३. महानगरभित्रका सामुदायिक विद्यालयका भौतिक संरचनाको स्तरोन्नति गर्नुका साथै प्रधानाध्यापक तथा शिक्षकहरुको दक्षता अभिवृद्धिका लागी स्वदेशमै वा आवश्यकता हेरी देशबाहिर समेत प्रशिक्षणमा पठाउने व्यवस्था गरिने ।<br>४. साथसाथै सामुदायिक विद्यालयका इच्छुक शिक्षकहरूलाई गोल्डेन ह्याण्डसेक दिएर नयाँ दक्ष शिक्षकहरू नियुक्ति गरिने ।<br>५. विद्यालयहरूमा रचनात्मक सिकाइका साथै नैतिक शिक्षा, खेलकुद, नाटक, गीत-सङ्गीत, योग/ध्यान आदिमा उल्लेख्य लगानी गरिने ।<br>६. सृजनशील र प्रयोगात्मक शिक्षा जस्तै, विज्ञान, प्रवधि, इन्जिनेरिङ र गणित STEM को लागी विद्यालयमा स्तरिय शैक्षिक स्रोत र शिक्षक तालिमको व्यवस्था गरिने ।<br>७. महानगरभित्रका सबै विद्यालयमा जैवकि कृषिबारे विद्यार्थीलाई सिकाइने ।<br>८. निजी क्षेत्रको ज्ञान, सीप र सेवालाई सार्वजनिक शिक्षामा समाहित गर्ने व्यवस्था गरिने ।<br>९. हरेक सामुदायिक विद्यालयमा उद्यमशीलताको कक्षा अनिवार्य संचालन गरिने ।<br>१०. सार्वजनिक शिक्षाको गुणस्तर बढाउन नेपालबाहिर गरिएका उत्कृष्ट अभ्यासहरुबाट सिक्न आवश्यक समन्वयको पहल गरिने ।<br>११. १५ वर्ष मुनिका बालबालिकाको शिक्षा र स्वास्थ्य सेवा नि:शुल्क गरिने । |
| **राष्ट्रिय प्रजातन्त्र पार्टी** | १. बाह्र कक्षा सम्म पूर्ण निःशुल्क शिक्षा<br>२. सबै स्थानीय तहमा कम्तिमा एक प्राविधिक धारको विद्यालय<br>३. सबै विद्यालयमा अनिवार्य कम्प्युटर शिक्षा |

| | |
|---|---|
| | ४. प्रारम्भिक बालविकास शिक्षा र कार्यक्रमलाई गुणस्तरीयता बनाउन प्राथमिकता<br>५. गरिबीको रेखा मुनि रहेका बर्ग तथा अल्पसंख्यक समुहका न्त्युनतम एक एक जना प्रतिभाशालि विद्यार्थीलाईप्रत्येक वर्ष चिकित्सा शास्त्र ( एम.बि.बि.एस) र इन्जिनियरिङ(स्नातक) तह अध्ययन गर्न छात्रावृति<br>६. विद्यालयका छात्राहरूलाई निःशुल्क सेनिटरी प्याड वितरण<br>७. विद्यालयमा छात्रामैत्री वातावरणको निर्माण (सबै विद्यालयमा छात्रा मैत्री शौचालय अनिवार्य निर्माण)<br>८. विद्यालयमा लागुऔषध दुर्व्यशन विरुद्ध नियमित रुपमा अभियान संचालन<br>९. प्रत्यक विद्यालयमा पिउने पानिको व्यवस्था<br>१०. बेरोजगार तथा सिप विहिन युवाको लागि सीपमुलक तालिम केन्द्रको स्थापना<br>११. प्राथमिक तहसम्म स्थानीय मातृभाषामा शिक्षा<br>१२. फरक शारीरीक क्षमता भएका विद्यार्थीका लागि विशेष कक्षाको व्यवस्था<br>१३. अशत्त, अशाहाय, टुहुरा बालबालिकालाई आवश्यक शिक्षा, स्वास्थ्य र हेरचाहाको व्यवस्था लागि स्याहार केन्द्रहरुको स्थापना |
| **ने.क.पा एमाले** | १. गुणस्तरिय शिक्षाको आधार प्राविधिक शिक्षाको विस्तार र सामूदायिक विद्यालयमा सुधार<br>२. गुणवान र सक्षम नागरिक तयार गर्न शिक्षा सम्बन्धी मौलिक हकको कार्यान्वयन गर्दै सामुदायिक शिक्षालाई गुणस्तरीय, सिपमूलक र जीवनउपयोगी बनाउने ।<br>३. विद्यालय जाने उमेरका सबै बालबालिकालाई प्रारम्भिक बालविकास लगायत आधारभूत तथा माध्यमिक शिक्षामा सहज पहुँचं पुऱ्याउने । बीचैमा पढाइ छाड्ने समस्याको समाधान गर्ने । विद्यालय जान नसक्ने बालबालिकाका लागि विशेष व्यवस्था गर्ने । विपदका कारण विद्यालय जानबाट बञ्चित बालबालिकाहरूका लागि विशेष व्यवस्था गर्ने ।<br>४. पालिकाहरूलाई पुर्ण साक्षर घोषणा गर्ने । प्रौढ तथा अभिभावक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, जीवन पर्यन्त सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षासम्बन्धी कार्य सञ्चालन गने, पुस्तकालय स्थापना गर्ने ।<br>५. सामुदायिक शिक्षालाई गुणस्तरीय, प्रतिष्पर्धी र सहज पहुँचभित्र पुऱ्याउन पर्याप्त कक्षा कोठा, पुस्तकालय र प्रयोगशाला, विद्यार्थी अनुपातमा शिक्षकको व्यवस्था, आवश्यक जनशक्ति, तालिम, खेलकुद मैदान, विद्यालय यातायात सुविधा सुनश्चित गर्ने ।<br>६. बालिकामैत्री शौचालयको व्यवस्था, स्यानिटरी प्याडको नियमित र भरपर्दो वितरण, बालिका छात्रवृत्ति, विद्यालय नर्स सेवा कार्यक्रमलाई निरन्तरता दिई विस्तार गर्ने, विद्यार्थीका लागि पोशाक, दिवा खाजा, पाठ्य सामग्री जस्ता प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने,<br>७. सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति प्रदान, सञ्चालन, व्यवस्थापन तथा नियमनसम्बन्धी कार्यमा स्थानीय तहको क्षमता अभिवद्धि गर्ने ।<br>८. प्रत्येक पालिकामा कम्तिमा एउटा प्राविधिक धारको माध्यमिक विद्यालय स्थापना गर्ने । बहुविधामा कक्षा सञ्चालन, प्राविधिक सिप तथा व्यावसायिक तालिम प्रदान गर्ने । पढ्दै र कमाउँदै गर्न शिक्षालाई सिप र रोजगारीसँग आबद्ध गर्ने, |

| | |
|---|---|
| | ९. विद्यालय व्यवस्थापन समितिलाई सक्षम, प्रभावकारी र जवाफदेही बनाउने । शिक्षकलाई पछिल्ला सिकाइ शैली र ज्ञानबारे अद्यावधिक हुन, प्रविधिमैत्री बन्न र विद्यार्थीमा उत्प्रेरणा दिन सक्ने गरी प्रोत्साहन गर्ने,<br>१०. माध्यमिक शिक्षालाई क्रमशः निःशुल्क र अनिवार्य बनाउने, सामुदायिक विद्यालयको गुणस्तर विकास गरेर स्थानीय विद्यालयमै पढ्ने वातावरण निर्माण गर्ने<br>११. उच्च शिक्षाका लागि सक्षम र प्रतिष्पर्धी विद्यार्थी उत्पादन र उच्च शिक्षामा पहुँचका लागि आवश्यक सहयोग गर्ने<br>१२. सबैभन्दा योग्यलाई शिक्षण पेशामा आकर्षित गर्न आवश्यक नीति र योजना तरजुमा गर्ने ।<br>१३. शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सरक्षा लगायत महिलाका संविधानप्रदत्त हकको कार्यान्वयन गर्ने,<br>१४. सार्वजनिक संरचना अपाङ्गता मैत्री बनाउने, अशक्त व्यक्तिका लागि सहज रुपमा आधारभूत सेवा पुऱ्याउने,<br>१५. जन्मदर्ता अनिवार्य गर्ने । कुनै पनि बालबालिकालाई राज्यविहीनताको अवस्थामा रहन नदिने । विद्यालयलाई शान्ति क्षेत्र घोषणा गर्ने, |
| **एकिकृत समाजबादी** | १. विद्याथीहरूले माध्यमिक तह ९ कक्षा १२ को शैक्षिकस्तर पूरा गरेपछि मध्यम स्तरको दक्ष नागरिक बन्ने गरी पाठ्यक्रममा सुधार गर्नका लागि सङ्घीय तहबाट आवश्यक व्यवस्था गरिने । माध्यमिक तह उत्तीर्ण गरेको विद्यार्थी स्वरोजगार हुनसक्ने गरी पाठ्यक्रममा आवश्यक परिमार्जनका लागि तीनओटै सरकारलाई अभिमुख गराउने । सरकारी विद्यालयहरूमा माध्यमिक तहसम्मको शिक्षामा उच्च गुणस्तर कायम गर्दै निःशुल्क शिक्षा उपलब्ध गराउने ।<br>२. सिपमूलक, प्राविधिक र व्यावसायिक शिक्षालाई प्राथमिकतामा राखिने । दक्ष प्राविधिक जनशक्ति उत्पादनका लागि ‘एक पालिका, एक प्राविधिक शिक्षालय ’ अवधारणाअनुसार प्राविधिक शिक्षामा जोड दिइने ।<br>३. प्राविधिक जनशक्ति उत्पादनका लागि अल्पकालीन र मध्यकालीन अभिमुखीकरण र तालिमका लागि साधनसम्पन्न तालिम केन्द्रहरू स्थापना गरिने । स्थानीय तहमा माध्यमिक तहसम्म प्राविधिक जनशक्ति उत्पादन गर्ने थलोका रूपमा विकास गरिने ।<br>४. माध्यमिक तहको शिक्षा पूरा गरेका विद्यार्थीलाई सिक्दै र कमाउँदै (लर्न एन्ड अर्न) प्रणालीबाट पढ्दै, सिक्दै र पढाइ खर्चका लागि कमाउँदै गर्ने कार्यक्रम सुरु गरिने ।<br>५. कृषि, स्वास्थ्य, प्रविधिमा उच्च शिक्षा हासिल गर्नका लागि स्थानीय सरकारद्वारा छात्रवृत्ति र सहयोगको व्यवस्था गरिने ।<br>६. विभिन्न पेशा-व्यवसायमा कार्यरत नागरिकहरुका लागि पालिकाले उक्त क्षेत्रमा सञ्चालन भइरहेका संस्थागत विद्यालयहरूको आर्थिक तथा प्राविधिक सहयोगमा प्रातःकालिन तथा संध्याकालीन विद्यालयहरु सञ्चालन गर्ने ।<br>७. पूर्णरुपमा साक्षर नभएका पालिकाहरुमा साक्षरता कार्यक्रमहरु सञ्चालन गरी पूर्ण साक्षर पालिका घोषणा गर्ने योजना अगाडि बढाइने ।<br>८. आफ्नो भूगोलभित्रका नागरिकले पालिकाले चाहेको विषयमा विद्यावारिधि गर्न चाहेमा सम्बन्धित शोधार्थीलाई एकपटकका लागि एकमुष्ठ रु दुई लाख छात्रवृत्ति दिएर सहयोग गर्ने ।<br>९. स्थानीय तहहरूमा किशोरी जनचेतना कार्यक्रम सञ्चालन गरिनुका साथै छात्राहरूलाई स्वास्थ परामर्श दिने व्यवस्था गरिने छ भने सेनिटरी प्याड निःशुल्क वितरणको व्यवस्था गरिने । |

| | |
|---|---|
| | १०. प्रत्येक विद्यालयमा बालबालिकाको स्वास्थ्य उपचारका लागि नर्सिङ सेवा उपलब्ध गराइने ।<br>११. समाजलाई अध्ययन र अनुसन्धानको प्रवृत्तितिर डोर्याउनका लागि पुस्तकालयको सहज पहुँच हुनु आवश्यक छ । यस सम्बन्धमा पालिकाहरुले निम्न काम गर्ने छन्-<br>११.१. चेतनाको विकास नै भौतिक विकासको मूल माध्यम हो भन्ने मूल्य, मान्यता स्थापित गर्नका लागि हाम्रा हरेक पालिकामा देश-विदेशका ख्यातिप्राप्त लेखकहरूका पुस्तक र पत्रपत्रिका उपलब्ध हुने पुस्तकालय स्थापना गरिने छ । यस्ता पुस्तकालयमा पालिकाका रिपोर्ट, प्रतिवेदन लगायत विविध दस्तावेजहरू उपलब्ध हुने छन् ।<br>११.२. समाजमा पठन-पाठनको संस्कार र प्रवृत्ति बढाउनका लागि हरेक वर्ष पुस्तक मेलाको आयोजना गरिने छ । यस्ता मेला आयोजनाका लागि स्थानीय सरकारले प्रदर्शनीस्थल उपलब्ध गराउने छन् । पुस्तक प्रकाशक र विक्रेताहरूलाई सो स्थानमा आई आफ्नो व्यापार प्रवर्द्धनका साथै पठनपाठनको संस्कृति बढाउने काममा योगदान गर्नका लागि आह्वान गर्ने छन् । पुस्तक मेला र साहित्यिक कार्यक्रमलाई समन्वयात्मक ढङ्गले अगाडि बढाइने छ ।<br>११.३. हरेक पालिकामा आवश्यक उपकरणहरू तथा सुविधा सहितको 'इ लाइब्रेरी' को स्थापना र सञ्चालन गरिनेछ ।<br><br>**बालबालिका विशेष कार्यक्रम**<br>१. बालबालिकाहरूलाई सानै उमेरदेखि साहित्य र कलाप्रति आकर्षित गर्नका लागि हरेक वार्डस्तरमा स्थानीय विद्यालयहरूलाई अग्रसर गराई वार्षिकरूपमा बालसाहित्य तथा कला मेलाको आयोजना गरिने छ ।<br>प्रतिभावान बालबालिकाहरूलाई पुरस्कृत गरिने छ ।<br>२. आफ्ना अभिभावक गुमाएका बालबालिकाको भरणपोषण र शिक्षामा सहयोग पर्‍याउनकालागि प्रत्येक पालिकामा बाल संरक्षण कोष स्थापना गरिने ।<br>३. तेस्रो लिङ्गी तथा अल्पसंख्यक लैङ्गीक समुदायलाई समान मर्यादा, हैसियत र समान अधिकार दिने ।<br>४. अपाङ्ग मैत्री गाँउ शहर भन्ने नाराका साथ अपाङ्ग मैत्री संरचना, अपाङ्ग मैत्री विद्यालय कार्यलय, सामुदायिक भवन तथा अपाङ्ग मैत्री शौचालय निर्माण गरीने । |
| **लोकतान्त्रिक समाजबादी पार्टी** | १. सक्षम, निष्पक्ष एवं प्रभावशाली विद्यालय व्यवस्थापन समितिहरुको स्थापना गर्ने ।<br>२. विद्यालयहरुमा थप कक्षा कोठा, पुस्तकालय, प्रयोगशाला, कम्प्युटर, खेलमैदान आदिको लागि पर्याप्त लगानिको व्यवस्था गर्ने ।<br>३. प्रतिस्पर्धाद्वारा गुणस्तरीय शिक्षकहरु बहाली गर्ने ।<br>४. उच्च माध्यामिक तहसम्म निःशुल्क शिक्षाको भरपर्दो व्यवस्था गर्ने ।<br>५. स्नातक, स्नातकोत्तर र अन्य उच्च शिक्षाको लागि गरीब, असहाय र असक्षमका लागि छात्रावृतिको व्यवस्था ।<br>६. छात्राहरुलाई ५ कक्षादेखी अनिवार्य आत्मरक्षाको प्रशिक्षण दिने र ९ कक्षामा अध्ययनरत छात्रालाई साइकल प्रदान । |

| | |
|---|---|
| | ७. सबै विद्यालयहरुमा पर्याप्त संख्यामा छात्र र छात्राका लागि छुट्टै शौचालयको व्यवस्था ।<br>८. उच्च शिक्षा अध्ययनरत छात्राहरुलाई कम्प्युटर /ल्यापटपको व्यवस्था ।<br>९. प्राथमिक शिक्षा मातृभाषामा पनि प्राप्त गर्न सकिने व्यवस्थालाई व्यवहारीक रुपमा नै सम्भव बनाउने ।<br>१०. सामुदायिक एवं सार्वजनिक विद्यालयहरुमा समग्र शिक्षाको स्तरलाई वृद्धि गर्दै अंग्रेजी माध्ययममा समेत शिक्षा प्रदान गर्ने व्यवस्था गर्ने ।<br>११. आफ्ना स्थान, पालिका र प्रदेशको इतिहास, एवं अन्य विशेषता थाहा पाइने पाठ्यक्रम तयार गरिने ।<br>१२. हरेक विद्यालयमा अनिवार्य छात्रावासको निर्माण /व्यवस्था गर्ने ।<br>१३. निजी क्षेत्रद्वारा खोलिएका विद्यालयहरुमा निश्चित संख्या वा प्रतिशतका आधारमा गरिव र स्थानिय विद्यार्थीहरुलाई पनि निःशुल्क भर्ना गर्नुपर्ने प्रावधानलाई व्यवहारीक र अनिवार्य वनाउने ।<br>१४.उपलब्ध हुदाँहुदै पनि आफ्ना छोराछारीलाई विद्यालय पठाउन हेलचेर्क्याइँ गर्ने बाबाआमालाई सचेत र आवश्यकता परेमा दण्डित गर्ने व्यवस्था गरीने ।<br>१५. महिलाहरुलाई निःशुल्क उच्च शिक्षाको व्यवस्था गरीने । |
| **नेपाली कांग्रेस** | **सिकाई केन्द्रित विद्यालय**<br>१.हरेक स्थानिय तहमा एउटा सुविधा सम्पन्न उत्कृष्टताको केन्द्र centre of excellency को रुपमा कम्तिमा एउटा अगुवा विधालय (Lead School )<br>२.विद्यालय शिक्षामा हाल रहेको विद्यालय छाड्ने दर (Dropout Rate)लाई कम्तिमा २० % ले घटाइने ।<br>३.विद्यार्थीहरूमा आलोचनात्मक चेत, सिर्जनशीलता, रचनात्मक क्षमता, अरूसँग मिलेर काम गर्ने सीप पाठ्यक्रमलाई प्रोत्साहन गरिने<br>४.महानगर, उपमहानगर र ठूला नगरपालिकाहरूमा स्तरीय नवप्रवर्तन केन्द्र (Innovation Center) तथा माध्यमिक विद्यालहरूमा मेकरस्पेस “MakerSpace” को अवधारणामा रचनात्मक क्षमताको विकास<br>५.विद्यार्थीहरुले आफूले निर्माण गरेका र सिकेका कुराहरुको प्रदर्शन गर्ने अवसर पाउने गरी वार्षिक ‘सिकाई मेला’<br>६. स्थानीय तहमा कम्तीमा एउटा ‘व्यावसायिक सीप विद्यालय’ सञ्चालन फरक क्षमता भएका तथा आर्थिक र सामाजिक रूपमा पछाडि परेका समुदायबाट आउने विद्यार्थीहरूलाई विशेष विद्यालय र आवासीय छात्रवृतिको व्यवस्था<br>७.अतिरिक्त क्रियाकलापमा विशेष रुची भएका विद्यार्थीहरूलाई प्रोत्साहन गर्न स्थानीय तह स्तरीय अथवा क्षेत्र स्तरीय प्रतिष्ठानहरूको सञ्चालन<br>८. विद्यार्थीहरूको सर्वाङ्गीण विकासका लागि गुणस्तरीयता दिवा खाजा कार्यक्रम<br>९. छात्राहरूका लागि विद्यालयमा नै गुणस्तरीय निःशुल्क सेनिटरी प्याडको व्यवस्था<br>१०. स्थानीय आवश्कता र परिवेश अनुसार मौलिक ज्ञान (Indigenous Knowledge) र आधारभूत जीवन सीपहरू (Life Skill) सम्वर्द्धन र संरक्षण हुने गरी स्थानीय पाठ्यक्रमको निर्माण |

| | |
|---|---|
| | ११. विद्यार्थीहरूको ज्ञान, सीप र उत्प्रेरणाका लागि विभिन्न विधाका आमन्त्रित विज्ञ अतिथि शिक्षक<br>१२. विद्यालयहरूलाई अन्य स्थानीय तहका विद्यालयसँग सूचना प्रविधिसँग जोड्ने र एक विद्यालयको अनुभव र संसाधनको प्रयोग अन्य विद्यालयलाई गर्ने वातावरण निर्माण,<br>१३. विद्यालयहरूमा आवश्यक न्यूनतम पूर्वाधार, पुस्तकालय, कक्षाकोठा, लैङ्गिकमैत्री शौचालय तथा अपाङ्गमैत्री संरचनाहरूको व्यवस्था,<br>१४. प्रारम्भिक बालविकास शिक्षालाई थप विकास गर्दै हालको १ वर्षको अवधिलाई बढाएर दुई वर्ष गरिने ।<br>१५. हरेक वडामा कम्तीमा १ विद्यालयमा नमूना प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन,<br>१६. आधरभूत शिक्षामा देखिएको न्यून सिकाइ तथा कोभिडको कारणले भएको सिकाइको क्षतिलाई पूर्ति गर्न सुधारात्मक कक्षा (Remedial Class) को प्रबन्ध,<br>१७. विभिन्न पेशा र व्यवसायमा संलग्न स्थानीय र राष्ट्रिय व्यक्तित्वहरूलाई विद्यालयमा एकदिन कार्यक्रम संचालन ।<br><br>**उत्प्रेरक शिक्षक**<br>१. माध्यामिक तहको विद्यालय सुधार योजना अन्तर्गत विषयगत शिक्षकहरुको अभावलाई पुर्ति गर्ने गरी दरवन्दीको व्यवस्था ।<br>२. दरबन्दीको अभाव भएका विद्यालयहरूमा स्नातक अध्ययन गरेका योग्य युवालाई उत्प्रेरित गरी स्वयंसेवक शिक्षकको रूपमा परिचालन,<br>३. क्षेत्रगत आधारमा सिकाइ केन्द्रहरूको स्थापना गरी विषयगत शिक्षकहरूको त्रैमासिक भेला आयोजना गर्दै आफूसँग भएको सीप, ज्ञान र अनुभव अन्य शिक्षकसँग बाँड्ने अवसरको सृजना,<br>४. शिक्षण सिकाइलाइ विद्यार्थी केन्द्रित बनाउन शिक्षकलाई सिकाइ सामाग्री निर्माण र प्रयोगको तालिम,<br>५. क्षमता अभिवृद्धिका लागि मेन्टर शिक्षकको व्यवस्था,<br>६. शिक्षकको व्यावसायिक विकासमा ट्रेड युनियनमा सँगठिन हुने अधिकारलाई सुनिश्चित गर्दै दलगत राजनीतिमा हुने आवद्धतालाई निरुत्साहित गर्ने,<br>७. शिक्षकको कार्य सम्पादन मूल्याङ्कन गरी हरेक स्थानीय तहमा प्रत्येक वर्ष उत्कृष्ट शिक्षकलाई सम्मान,<br>८. शिक्षकहरूमा आधारभूत प्रविधिको सीप विकास, एक शिक्षक एक ल्यापटप, प्रविधिको प्रयोग, उत्प्रेरणा कार्यक्रमहरुको सञ्चालन,<br>९. प्रारम्भिक बाल विकासका शिक्षकको क्षमता वृद्धि गर्दै पारिश्रमिकलाई कम्तीमा आधारभूत विद्यालय शिक्षकको तलब सुविधाको स्तरमा पुऱ्याउने ।<br>**जागरुक अभिभावक**<br>१. विद्यालय कार्यकममा अभिभावक उपस्थितिलाई कम्तीमा ९०% बनाउने<br>२. अभिभावकसँगको सम्वन्ध विस्तार गर्न प्रत्येक विद्यालयबाट टोल भेला र मासिक घरदैलो कार्यकम<br>३. हरेक त्रैमासिक परीक्षासम्म शत् प्रतिशत उपस्थित हुने विद्यार्थीका अभिभावकलाई सम्मान<br>४. ५ वर्षभन्दा कम उमेर समुहका बालबालिकाको सिकाईलाई घरैबाट शुरु गर्न विद्यालयमा अभिभावकसँगको सहकार्य कार्यकम |

५. अभिभावक र विद्यार्थीका लागि प्रभावकारी गुनासो संयन्त्रको व्यवस्था ।

**सबल नेतृत्व र व्यवस्थापन**

१.प्रतिस्पर्धाको आधारमा पूर्ण अधिकारसहित करार अवधि रहने गरी सबै विद्यालयमा जवाफदेहिता सहितको प्रधानाध्यापकको व्यवस्था,

२. प्रधानाध्यापकको क्षमता अभिवृद्धिका लागि सेवा प्रवेश र सेवा अवधिभर नेतृत्व, क्षमता विकास, व्यवस्थापन तथा शिक्षण पद्धतिको तालिमको व्यवस्था,

३. विद्यालय व्यवस्थापन समितिलाई दलीय भागबण्डाबाट मुक्त राखी विद्यालय विकास र सुधारमा प्रतिवद्ध स्कुल बोर्डको रूपमा विकास गर्ने ।

**जवाफदेही शिक्षा प्रणाली**

१. प्रत्येक विद्यालयमा विधुतिय हाजिरीको व्यवस्था,

२. गुणस्तर विकासका लागि प्रत्येक स्थानीय तहमा विद्यालयहरूको सिकाइ उपलब्धिको अवस्थाको मापन गर्ने र तथ्याङ्कलाई सार्वजनिक गर्ने परिपाटीको निर्माण,

३. स्थानीय तहको शिक्षा विभागमा कार्यरत कर्मचारीले सबै विद्यालयमा कम्तीमा महिनाको एक पटक निरीक्षण र अनुगमन गर्ने व्यवस्था,

४. जनप्रतिनिधि, कर्मचारी र स्थानीयवासी रहेको विद्यालय सहयोगी समूह स्थापना गरी नियमित अनगमन र सहयोगको संयन्त्र बनाउने ।

**निति, योजना र  शासकीय सुधार**

१. स्थानीय तहले आफ्नो अधिकारक्षेत्रभित्र रही आवश्यक नीति, ऐन र नियम बनाउने,

२. जनसङ्ख्या वृद्धिको प्रक्षेपणलाई आधार लिई रणनीति निर्माण र विद्यालय क्षेत्र नक्साङ्कनलाई अगाडि बढाइने,

३. आवश्यक नदेखिएका विद्यालयहरूलाई समायोजन गर्ने, बालबालिकाको शिक्षाको अधिकारलाई सुनिश्चित गर्न भौगोलिक रूपले विकट ठाउँमा आवासीय विद्यालय र अन्य ठाउँहरूमा यातायातको प्रबन्ध गर्दै विद्यालयहरू सञ्चालन गर्ने,

४. आफ्नो तहको अवस्था र शिक्षा विकासको रणनीतिलाई ध्यानमा राख्दै स्थानीय सरकारले राष्ट्रिय मापदण्डभित्र पर्ने गरी शिक्षक नियुक्ति, शिक्षकको व्यावसायिक विकास, सरुवा आदिको आफ्नै नीति बनाउने सक्ने,

५. विद्यालयहरूले आवश्यकता अनुसार स्थानीय मातृभाषा, नेपाली वा अङ्ग्रेजीलाई पठनपाठनको भाषा बनाउन सक्ने व्यवस्था,  जीवन पर्यन्त सिकाइलाई प्रोत्साहन गर्न स्थानीय तहका स्तरीय सार्वजनिक पुस्तकालय तथा सामुदायिक सिकाइ केन्द्रहरूको सञ्चालन,

६. दलित समुदायलक्षित विशेष कार्यक्रम लागू गरिने

**लगानी**

१. स्थानीय तहहरूले सशर्त अनुदानबाहेकको शिक्षामा गर्ने लगानीलाई हालको अवस्थाबाट कम्तीमा पनि दोब्बर गरिने,

| | |
|---|---|
| | २. विद्यालयको योजना र प्रस्तावको आधारमा स्थानीय तहले आफ्नो स्रोतबाट उचित विद्यालय सुधार र शैक्षिक कार्यक्रमको लागि विशेष अनुदान उपलब्ध गराउने ।<br><br>**धार्मिक विद्यालय**<br>१. मदरसा, गुम्बा, गुरुकुल जस्ता शिक्षालयको निःशुल्क दर्ता गरी आधुनिक सीपमूलक शिक्षालाई समेत समावेश गर्न उत्प्रेरित गर्ने,<br>२. शिक्षकको तालिम तथा पेशागत विकासमा ध्यान दिने ।<br><br>**संथागत विद्यालय र गैरसरकारी संस्था**<br>१. संस्थागत विद्यालयलाई गैरनाफामूलक वा सार्वजनिक गुठीमा आबद्ध हुन प्रोत्साहन,<br>२. संस्थागत विद्यालयको गुणस्तरीयता र शुल्कमा नियमन र अनुगमन,<br>३. संस्थागत विद्यालयमा भइरहेका राम्रा प्रयास, उत्कृष्ट व्यवस्थापकीय अभ्यासलाई सार्वजनिक विद्यालयको सुधारमा योगदान दिन सक्ने वातावरणको निर्माण,<br>४. सार्वजनिक शिक्षा सबलीकरणमा गैरसरकारी संस्थाहरूसँग सहकार्य गरी राम्रा अभ्यासलाई संरचनागत र प्रणालीगत सुधारको लागि प्रयोग गरिने ।<br><br>**संघिय तहमा हुनुपर्ने सुधार**<br>१. स्थानीय सरकारहरूले गर्ने प्रतिवद्धता पूरा गर्न स्थानीय सरकारलाई थप बलियो बनाउने गरी सङ्घीय शिक्षा ऐन तर्जुमा,<br>२. सङ्घीय सरकारले शिक्षाको वस्तुगत आवश्यकताको आधारमा न्युनतम गुणस्तरका मापदण्ड तयार गर्ने ,<br>३. नव नियुक्त शिक्षकलाई सेवा प्रवेश पूर्व कम्तिमा ६ देखि ८ हप्ताको आवासीय तालिम साथै आवधिक सेवाकालीन तालिम प्रयोगात्मक रुपमा सञ्चालन,<br>४. स्थानीय तहस्तरीय सिकाइ उपलब्धिको परीक्षण गरी वार्षिक राष्ट्रिय सूची प्रकाशन,<br>५. विषेश आवश्यकता भएका तथा पिछडिएका वर्गका विद्यार्थीको शिक्षामा पहुँच पुर्याउन स्थानीय सरकारहरूकालाई प्रतिस्पर्धात्मक अनुदान उपलब्ध गराउन नवप्रवर्द्धन कोषको व्यवस्था,<br>६. आर्थिक रुपमा कमजोर तर प्रतिभाशाली विद्यार्थीहरूले उच्चशिक्षा अध्ययनका लागि समावेशीता र जनसंख्याको आधारमा वर्षेनी ‘नेपाल र नेपालीको भविष्य छात्रवृत्ति’ कोष स्थापना,<br>७. बीचमै पढाइ छाडेका युवालाई व्यवसायिक तालिम मार्फत सीप विकासका साथै समकक्षता प्रमाणिकरणको (Equivalency Certification) व्यवस्था मिलाइने, |

| | |
|---|---|
| | ८. सक्षम स्थानीय तहले आफ्नो नेतृत्वमा उच्च शिक्षा सञ्चालन गर्न चाहेमा दीर्घकालीन सम्भावना तथा सङ्घीय र प्रादेशिक कानून सम्मत हुनेगरी सञ्चालन गर्न विशेष सहयोग गर्ने । <br><br> **शिक्षा** <br> • युवा युवतीलाई निःशुल्क प्रजनन शिक्षा । <br> • घोकन्ते शिक्षा प्रणालीबाट सोच्ने, सोध्ने र सिक्ने प्रणालीको विकास । <br> • न्युन आय भएका दलित समुदायका विद्यार्थीहरुलाई छात्रावृतिको व्यवस्था । <br> • अपाङ्गता भएका बालबालिकाको शिक्षाको पहुँच सुनिश्चित गरिनेछ । स्थानीय तहमै सार्वजनिक तथा संस्थागत विद्यालयहरुमा समावेशी शिक्षा नीति अनुरुप छात्रवृत्ति सहितको निःशुल्क र गुणस्तरीय शिक्षाको सुनिश्चितता गरिने । <br> • पहुँचयुक्त प्रविधि, ब्रेल लिपि तथा दोभाषे र साङ्केतिक भाषाको विकासमा विशेष जोड दिइने छ । अपांगता भएका व्यक्तिका छोराछोरीलाई छात्रवृत्ति र निःशुल्क शिक्षाको व्यवस्था गरिने छ । <br> • बालमैत्री शिक्षा तथा सिकाई प्रणालीलाई प्रबर्द्धन गर्ने । <br> • विपन्न परिवारका बालबालिकाको शैक्षिक सुनिश्चितताको लागि सहयोग गर्ने । <br> • अपाङ्गता भएका बालबालिकाको स्थिति विश्लेषण गरी विशेष कक्षा वा सिकाइ केन्द्रहरु स्थापना गर्ने । <br> स्थानीय तहका हरेक शैक्षिक संस्थाहरूद्वारा अपाङ्गता भएका बालबालिकाका लागि पहुँचयुक्त निःशुल्क शिक्षाको व्यवस्था गर्ने । |

## विश्लेषण

शिक्षा मानवको नैशर्गिक अधिकार हो । संयुत्त राष्ट्रसंघको दिगो विकास लक्ष्य ४ को लक्ष्य समावेशी र गुणात्मक शिक्षा सुनिश्चित गर्दै जिवनपर्यन्त सिकाईका अवसरहरु प्रवर्द्धन गर्ने रहेको छ । नेपालको संविधान २०१५ ले शिक्षालाई अपाङ्गता भएका व्यत्ति सहित सबै नागरीकका लागि मौलिक हकको रुपमा राखेको छ । युनिसेफ नेपाल २०१७ को तथ्याङ्क अनुसार विद्यालय उमेरका ५ देखी १२ वर्षसम्मका ७,७०,००० बालबालिका विद्यालय बाहिर रहेको आकलन छ । ति विद्यालय बाहिर रहेका बालबाललिकालाई विद्यालय आउने वातावरण बनाउनु र शिक्षालाई सजिलै पहुँचयोग्य, समावेशी बनाउनु सरकारको जिम्मेवारी हो ।

शिक्षा क्षेत्रको सुधारका लागि स्थानिय चुनावका समयमा विभिन्न राजनैतिक दलले विभिन्न कार्ययोजना तयार गरेका थिए । कक्षा १२ सम्म निःशुल्क शिक्षा प्रदान गर्ने, विद्यालयमा छात्राहरुका लागि निःशुल्क स्यानिटरी प्याड उपलब्ध गराउने, विद्यालयमा अपाङ्गमैत्री भौतिक संरचनाहरुको निर्माण, विद्यालयमा पुस्तकालयको निर्माण, विद्यालयमा आवश्यक भौतिक पुर्वाधारको निर्माण, मातृभाषामा शिक्षा प्रदान, प्राविधिक विद्यायलय निर्माण जस्ता योजना सबै पार्टीको घोषणापत्रमा उल्लेखित देखिन्छ । शैक्षिक क्षेत्रको विकासका लागि कुल ग्रहस्थ उत्पादनको ४ देखी ६ % र राष्ट्रिय बजेटको २० % शिक्षामा लगानी गर्ने अन्तर्राष्ट्रिय मापदण्ड भए ता पनि सरकारले त्यस अनुरुप शिक्षामा लगानीको व्यवस्था गरेको छैन । सरकारले आर्थिक वर्ष ७९/८० मा पनि शिक्षा क्षेत्रमा जम्मा १०.९८ % हाराहारी ११ % मात्र लगानी गरेको छ । र स्थानिय चुनावका बेला पनि शैक्षिक क्षेत्रमा लगानी वृद्धि गर्ने विषय नेपाली काग्रेंस, जनता समाजवादि र विवेकशिल साझाले मात्र उठाएका छन् । त्यस्तै छात्रामैत्री संरचना निर्माणका विषय लोकतान्त्रिक समाजवादी पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीको घोषणापत्रमा मात्र पाइयो ।

विभिन्न राजनैतिक दलले शिक्षा क्षेत्रको विकासका लागि निकै राम्रा प्रतिबद्धता पनि आफ्नो घोषणापत्रमा उल्लेख गरेको पाइन्छ । जस्तै स्वतन्त्र उम्मेदवार बालेन शाहाको पौराणिक शिक्षा सँगसगै विश्वस्तरमा जोड्न सकिने खालका उच्चस्तरीय प्रविधसहितका कक्षा १ देखी ८ सम्मको पाठयक्रम परिमाजन गर्ने, अन्तर्राष्ट्रिय विद्यालयहरुलाई राष्ट्रिय विद्यालयहरुसंग सहकार्य गर्ने र सांस्कृतिक, जिवनशैली, शिक्षा प्रणाली आदिको आदानप्रदान गर्न भगिनी सम्बन्ध सुरु गर्ने, नेपाली काग्रेंसको विद्यालय छाड्ने दरलाई कम्तिमा २०% ले घटाउने, नवप्रवर्तन केन्द्रको स्थापना, विद्यार्थीले वर्षभरी सिकेका कुरा प्रदर्शन गर्न सिकाई मेला, हरेक वडामा कम्तिमा एक विद्यालयमा नमुना प्रारम्भिक बालविकास कार्यक्रम संचालन, अभिभावक र विद्यार्थीका लागि प्रभावकारी गुनासो संयन्त्रको विकास, स्थानिय तहका शैक्षिक कर्मचारीले सबै विद्यालयमा कम्तिमा महिनाको एक पटक निरिक्षण र अनुगमन गर्ने व्यवस्था, आवश्यक नदेखिएका विद्यालय समायोजन, विकट ठाँउका बालबालिकाको शिक्षा अधिकारको रक्षाकालागि आवासिय विद्यालय निर्माण, पहुँचयुक्त प्रविधि, ब्रेल लिपि तथा दोभाषे र साङ्केतिक भाषाको विकासमा जोड, बालमैत्री शिक्षा तथा सिकाई प्रणालीको प्रर्वद्धन, अपाङ्गता भएका बालबालिकालाई निःशुल्क शिक्षाको व्यवस्था, जनता समाजवादि पार्टिको एक पालिका एक मोडल स्कुल, विवेकशिल साझाको विद्यालयहरुमा रचनात्मक सिकाईमा साथै नैतिक शिक्षा, खेलकुद, नाटक, गीत-सङ्गीत, योग/ध्यान आदिमा उल्लेख्य लगानी गर्ने, सृजनशील र प्रयोगात्मक शिक्षा जस्तै, विज्ञान, प्रवधि, इन्जिनेरिङ र गणित STEM को लागि विद्यालयमा स्तरिय शैक्षिक स्रोत र शिक्षक तालिमको व्यवस्था, एकिकृत समाजवादिको ‘एक पालिका, एक प्राविधिक शिक्षालय ’अवधारणा अनुसार प्राविधिक शिक्षामा जोड दिने, कृषि, स्वास्थ्य, प्रविधिमा उच्च शिक्षा हासिल गर्नका लागि स्थानीय सरकारद्वारा छात्रवृत्ति

र सहयोगको व्यवस्था, विभिन्न पेशा-व्यवसायमा कार्यरत नागरिकहरुका लागि पालिकाले उक्त क्षेत्रमा सञ्चालन भइरहेका संस्थागत विद्यालयहरूको आर्थिक तथा प्राविधिक सहयोगमा प्रातःकालिन तथा संध्याकालीन विद्यालयहरु सञ्चालन गर्ने, पुर्ण साक्षर नभएका पालिकामा साक्षरता कार्यक्रम संचालन गरी पुर्ण साक्षर पालिका घोषणा गर्ने योजना, आफ्नो भूगोलभित्रका नागरिकले पालिकाले चाहेको विषयमा विद्यावारिधि गर्न चाहेमा सम्बन्धित शोधार्थीलाई एकपटकका लागि एकमुष्ठ रु दुई लाख छात्रवृत्ति दिएर सहयोग गर्ने, हरेक पालिकामा सुविधा सम्पन्न ई लाईब्रेरीको स्थापना, बालबालिकाहरूलाई सानै उमेरदेखि साहित्य र कलाप्रति आकर्षित गर्नका लागि वार्षिक रूपमा बालसाहित्य तथा कला मेलाको आयोजना गर्ने, तेस्रो लिङ्गी तथा अल्पसंख्यक लैङ्गीक समुदायलाई समान मर्यादा, हैसियत र समान अधिकार दिने, राष्ट्रिय प्रजातन्त्र पार्टीको गरिबीको रेखा मुनि रहेका बर्ग तथा अल्पसंख्यक समुहका न्त्युनतम एक एक जना प्रतिभाशालि विधार्थीलाई प्रत्येक वर्ष चिकित्सा शास्त्र (एम.बि.बि.एस) र इन्जिनियरिङ (स्नातक) तह अध्ययन गर्न छात्रवृति, विद्यालयमा लागुऔषध दुर्व्यशन विरुद्ध नियमित रुपमा अभियान संचालन, प्रत्यक विद्यालयमा पिउने पानीको व्यवस्था, लोकतान्त्रिक समाजवादि पार्टीको छात्राहरुलाई ५ कक्षादेखि अनिवार्य आत्मरक्षाको प्रशिक्षण दिने र ९ कक्षामा अध्ययनरत छात्रालाई साइकल प्रदान, उच्च शिक्षा अध्ययनरत छात्राहरुलाई कम्प्युटर/ल्यापटपको व्यवस्था, आफ्ना स्थान, पालिका र प्रदेशको इतिहास, एवं अन्य विशेषता थाहा पाइने पाठ्यक्रम तयार गर्ने, निजी क्षेत्रद्वारा खोलिएका विद्यालयहरुमा निश्चित संख्या वा प्रतिशतका आधारमा गरिव र स्थानिय विद्यार्थीहरुलाई पनि नि:शुल्क भर्ना गर्नुपर्ने प्रावधानलाई व्यवहारीक र अनिवार्य बनाउने, उपलब्ध हुदाँहुदै पनि आफ्ना छोराछारीलाई विद्यालय पठाउन हेलचेर्क्याइँ गर्ने बाबाआमालाई सचेत र आवश्यकता परेमा दण्डित गर्ने व्यवस्था गर्ने, महिलाहरुलाई निःशुल्क उच्च शिक्षाको व्यवस्था गर्ने जस्ता राम्रा विषय समेटेको पाइन्छ ।

कोभिडका कारण भएको सिकाई क्षति कम गर्ने र त्यस क्षतिलाई परिपुर्ति गर्ने विषयमा नेपाली कांग्रेसले मात्र चासो देखाएको पाइएको छ । त्यसका लागि नेपाली कांग्रेसले आधरभूत शिक्षामा देखिएको न्यून सिकाइ तथा कोभिडको कारणले भएको सिकाइको क्षतिलाइ पूर्ति गर्न सुधारात्मक कक्षा (Remedial Class) को प्रबन्ध गर्ने कुरा उल्लेख गरेको छ, सार्वजनिक विद्यालयका अभिभावकले बालबालिकालाई विद्यालय भन्दा घरको आर्थिक स्थितिमा सहयोग गर्नका लागि काम गर्न पठाउने गरेको देखिन्छ । शिक्षाको महत्व बारे सार्वजनिक विद्यालयका अभिभावकमा जनचेतना कार्यक्रम गर्न जरुरी देखिन्छ । त्यसका लागि विद्यालयसँग अपनत्वको भावना विकास गर्न र शिक्षाको महत्व बारे अभिभावकमा चेतना जागरण गर्न अभिभावक भेला गर्न जरुरी हुन्छ । यस

विषयमा नेपाली काग्रेंसले मात्र ध्यान दिएको पाइन्छ । विद्यालयको कार्यक्रममा अभिभावकको उपस्थितिलाई ९० % बनाउने र विद्यालय टोल भेला र मासिक घरदैलो कार्यक्रम गर्ने विषय नेपाली काग्रेंसले आफ्नो घोषणापत्रमा समेटेको छ । शिक्षामा राजनितिकरण व्यापक भइरहेको छ र जबसम्म शिक्षामा राजनितिकरण बन्द हुँदैन तबसम्म शिक्षा क्षेत्रमा सोचे जस्तो उपलब्धि हासिल गर्न सम्भव छैन । यसका लागि सरकारले विद्यालयमा राजनैतिक हस्तक्षेप न्युनिकरण गर्ने र शिक्षकको दलगत आबद्धतालाई निरुत्साहित गर्न जरुरी देखिन्छ । यसका लागि नेपाली कांग्रेसले शिक्षकको व्यावसायिक विकासमा ट्रेड युनियनमा सँगठिन हुने अधिकारलाई सुनिश्चित गर्दै दलगत राजनीतिमा हुने आवद्धतालाई निरुत्साहित गर्ने, विद्यालय व्यवस्थापन समितिलाई दलीय भागबण्डाबाट मुक्त राखी विद्यालय विकास र सुधारमा प्रतिवद्ध स्कुल बोर्डको रूपमा विकास गर्ने जस्तो विषयमा कागेंसको मात्र प्रतिवद्धता देखिन्छ । शिक्षामा निजिकरण र व्यापारिकरण व्याप्त रहेको र त्यसको अन्त्य वा त्यसको न्युनिकरणका लागि बालेन शाहाले निजी विद्यालयमा मासिक शुल्क बमोजिमको शिक्षा छ छैन अडिट गरीने प्रतिवद्धता जनाएका छन् भने नेपाली कांग्रेसले संस्थागत विद्यालयलाई गैरनाफामुलक वा सार्वजनिक गुठीमा आवद्ध हुन प्रोत्साहान गर्ने कुरा घोषणापत्रमा उल्लेख गरेको छ भने अरु कुनै पनि राजनैतिक दलले यस विषयमा त्यत्ति चासो देखाएको पाईएन ।

नेपालको शिक्षण सिकाई उपलब्धि दर ५० % भन्दा पनि कम देखिन्छ । यो निकै नै कम हो । यस विषयमा पनि राजनैतिक दलको ध्यान नपुगेको जस्तो देखिन्छ । नेपाली कांग्रसले मात्र गुणस्तर विकासका लागि प्रत्येक स्थानीय तहमा विद्यालयहरूको सिकाइ उपलब्धिको अवस्थाको मापन गर्ने र तथ्याङ्कलाई सार्वजनिक गर्ने परिपाटीको निर्माण गर्ने भनेको पाइन्छ । संविधानले नै विद्यालय शिक्षाको अधिकार स्थानियमा निहित गरेको छ । त्यस अधिकार बमोजिम स्थानीय तहले आफ्नो अधिकारक्षेत्रभित्र रही आवश्यक नीति, ऐन र नियम बनाउने, आफ्नो तहको अवस्था र शिक्षा विकासको रणनीतिलाई ध्यानमा राख्दै स्थानीय सरकारले राष्ट्रिय मापदण्डभित्र पर्ने गरी शिक्षक नियुक्ति, शिक्षकको व्यावसायिक विकास, सरुवा आदिको आफ्नै नीति बनाउने सक्ने विषयमा पनि नेपाली कांग्रसले मात्र प्रतिवद्धता जनाएको छ ।

स्थानिय तहको निर्वाचनको समयमा शिक्षाका लागि राष्ट्रिय अभियान नेपालले स्थानिय चुनावका प्रमुख राजनीतिक दलका उम्मेदवारलाई शिक्षा सम्बन्धि २० बुँदे सुझाव पत्र बुझएको थियो ।

**एनसिई नेपालले राजनीतिक दललाई बुझाएको २० बुँदे सुझावः**

१. स्थानिय तहका सरकारहरुले आफ्नो कुल बजेटको कम्तिमा २० % शिक्षामा लगानी गर्ने व्यवस्था उल्लेख गरिनुपर्ने । कोभिड १९ का कारणले भएको सिकाई क्षतिलाई परिपुर्ति गर्न क्षतिपुर्ति योजना तथा विपद व्यवस्थापनका लागि विद्यालय प्रतिकार्य योनजा बनाई लागु गर्नुपर्ने ।

२. प्रत्यक स्थानिय तहको आफ्नो स्थानिय शिक्षा ऐन, नियमावली, योजनाहरु यथासक्य निर्माण गर्ने र दिगो विकास लक्ष्य ४ कार्यन्वयन योजना बनाई लागु गर्नुपर्ने ।

३. आफ्नो सेवा क्षेत्रको सबै विद्यालयहरुलाई प्रविधिमा जोड्ने योजना बनाई कार्यान्वयन गर्ने ।

४.शिक्षामा व्याप्त निजिकरण तथा व्यापारिकरणको अन्त्य गर्न निजि तथा नाफामुलक विद्यालयहरुलाई निजि तथा सार्वजनिक गुठीमा परिणत गरिनुपर्ने । अब उप्रान्त नाफामुलक विद्यालयको दर्ता नगर्ने प्रतिवद्धता सार्वजनिक गरिनुपर्ने ।

५. विश्व विद्यालयका उत्कृष्ट विद्यार्थीलाई शिक्षण पेशाप्रति आकर्शित गराउन विशेष सुविधा सहित प्रबन्ध गरिनुपर्ने । साथै राजनैतिक दलहरुले शिक्षकलाई आफ्नो दलको सदस्यता नदिने स्पष्ट व्यवस्था राख्नुपर्ने र शिक्षकहरुको पेशागत विकासको लागि स्थानिय तहमा शिक्षक पेशागत सहयोग संयन्त्र बनाउनुपर्ने ।

६. शिक्षक छनोट प्रकृयालाई स्थानियकरण गर्ने तथा शिक्षक-विद्यार्थी अनुपात मिलाउन र स्थानिय सरकारले कानुन बनाई शिक्षकहरुको आवश्यक सरुवा गर्न सक्ने व्यवस्था गरिनुपर्ने ।

७. शिक्षालाई जिवन, उत्पादन, श्रम र रोजगारीसँग जोड्ने र सम्मानजनक स्वरोजगारीको अवसर सृजना गर्ने कार्यक्रम निर्माण गरी कार्यान्वयन गरिनुपर्ने ।

८. कम्तिमा महिनाको एक पटक विद्यालयमा अभिभावक भेला, समसामायिक रुपमा शैक्षिक अभिमुखिकरण र सचेतना सम्बन्धि कार्यक्रमहरु गर्ने व्यवस्था गरिनुपर्ने ।

९. सार्वजनिक विद्यालयको औसत सिकाई उपलब्धि कम्तिमा ५५ प्रतिशत पुग्ने गरी ५ वर्षको रणनिति योजना बनाई कार्यान्वयन गर्नुपर्ने ।

१०. विद्यालय बाहिर रहेका, विद्यालय छाडेका, अभिभावक गुमाएका, अपाङ्गता भएका र दलित बालबालिकाका लागि छात्रवृत्ति, शिक्षण समाग्री, स्रोत कक्षा, वैकल्पिक कक्षा र प्रविधियुक्त शिक्षाको व्यवस्था गर्नुपर्ने ।

११. विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको तथ्याङ्क संकलन गरी तिनीहरुको विद्यालय शिक्षामा सहज एवं सम्मानजनक पहुँचका लागि एकिकृत ढङ्गले समाजिक सुरक्षा कार्यक्रमलाई थप वृहत बालबालिकाको शिक्षा सँग आवद्ध हुने गरी संचालन गर्नुपर्ने ।

१२. आफ्नो पालिका भित्र नमुनाको रुपमा कम्तिमा पनि १ वटा सुविधासम्पन्न आवासिय माध्यामिक तहसम्मको विद्यालय संचालन गरिनुपर्ने ।

१३. प्रविधिको प्रयोगले सृजना गर्ने असमानता (डिजिटल डिभाइड) लाई कम गर्ने स्पष्ट खाकासहितको कार्ययोजना निर्माण गरी कार्यन्वयन गर्नुपर्ने ।
१४. बालबालिका माथि हुने घरेलु हिसां तथा दुर्व्यवहारको रोकथाम गर्दै सुरक्षा तथा संरक्षणका सवालहरुलाई सम्बोधन गर्न नागरिक समाजका प्रतिनिधि सहितको अनुगमन समिति बनाई कार्यन्वयन गर्नुपर्ने ।
१५. विद्यालयमा हुने यौन दुर्व्यवहार लगायत सबै प्रकारका हिंसा एवं शोषण विरुद्ध शुन्य सहनशिलताको निति लिई हरेक स्थानिय तहले निरोधात्मक कृयाकलापका साथै नियमित अनुगमन तथा कारवाहीको प्रकृया सुनिश्चित गर्न जिम्मेवार निकायसहितको संयन्त्र विकास गर्नुपर्ने ।
१६. स्थानिय तह देखि नै शिक्षा क्षेत्रलाई गौरवको आयोजनाका रुपमा स्वीकार गर्ने र सोहि अनुसार बजेट तथ स्रोत साधनको प्रवन्ध गरी प्राथमिकता दिने प्रतिवद्धता हुनुपर्ने ।
१७. समुदायमा रहेका पुस्तकालय र सामुदायिक सिकाइ केन्द्रलाई प्रविधिमैत्री बनाउदै बैकल्पिक शिक्षा प्रणालीलाई व्यवस्थित गरिनुपर्ने ।
१८. स्थानिय तहमा पर्याप्त शैक्षिक स्रोतको  व्यवस्थापन र सरोकारवालाको दक्षता वृद्धि गर्न तालिमको व्यवस्था गरिनुपर्ने ।
१९. विद्यालय शान्ति क्षेत्रको मर्म र निर्वाचन आचारसंहिता बमोजिम विद्यालय, विद्यार्थी, बालबालिका र शिक्षकलाई राजनीतिक दलका कार्यक्रममा सहभागी नगराउन प्रतिबद्धता हुनुपर्ने ।
२०. प्रत्येक वर्ष सरोकारवालाहरुको उपस्थितिमा आ-आफ्ना दल र उम्मेदवारले जारी गरेको घोषणापत्र / प्रतिवद्धतापत्र कार्यान्वयनको प्रगति समीक्षा गर्ने व्यवस्था गरिनुपर्ने ।

**तलको तालिकामा एनसिई नेपालद्वारा दिइएको सुझावपत्र अनुसार विभिन्न राजनैतिक दलले शिक्षामा समेटिएका विषयवस्तुको चित्रण गरिएको छ ।**

| राजनैतिक दल | एनसिइका २० बुँदे सुझावपत्र अनुसार शिक्षामा समेटिएका विषयवस्तु |
|---|---|
| ने.क.पा एमाले | सामुदायिक शिक्षालाई गुणस्तरिय, सिपमुलक र जिवनउपयोगि बनाउने,<br>विद्यालय जाने उमेरका सबै बालबालिकालाई प्रारम्भिक बालविकास लगायत आधारभूत तथा माध्यमिक शिक्षामा सहज पहुँच पुऱ्याउने,<br>बीचैमा पढाइ छाड्ने समस्याको समाधान गर्ने, विद्यालय जान नसक्ने बालबालिकाका लागि विशेष व्यवस्था गर्ने,<br>विपदका कारण विद्यालय जानबाट बञ्चित बालबालिकाहरूका लागि विशेष व्यवस्था गर्ने,<br>विद्यार्थी अनुपातमा शिक्षकको व्यवस्था,<br>पढ्दै र कमाउँदै गर्न शिक्षालाई सिप र रोजगारीसँग आबद्ध गर्ने, प्रविधिमैत्री बन्न र विद्यार्थीमा उत्प्रेरणा दिन सक्ने गरी प्रोत्साहन गर्ने,<br>सबैभन्दा योग्यलाई शिक्षण पेशामा आकर्षित गर्न आवश्यक नीति र योजना तर्जुमा गर्ने,<br><br>सार्वजनिक संरचना अपाङ्गता मैत्री बनाउने,<br>अशक्त व्यक्तिका लागि सहज रुपमा आधारभूत सेवा पुऱ्याउने,<br><br>विद्यालयलाई शान्ति क्षेत्र घोषणा गर्ने । |
| नेपाली कांग्रेस | आर्थिक र सामाजिक रूपमा पछाडि परेका समुदायबाट आउने विद्यार्थीहरूलाई विशेष विद्यालय र आवासीय छात्रवृत्तिको व्यवस्था,<br>लैङ्गिकमैत्री शौचालय तथा अपाङ्गमैत्री संरचनाहरूको व्यवस्था,<br>कोभिडका कारण भएको सिकाई क्षति कम गर्ने र त्यस क्षतिलाई परिपुर्ति गर्न सुधारात्मक कक्षा (Remedial Class) को प्रबन्ध गर्ने,<br>विद्यालयको कार्यक्रममा अभिभावकको उपस्थितिलाई ९० % बनाउने र विद्यालय टोल भेला र मासिक घरदैलो कार्यक्रम गर्ने,<br>माध्यामिक तहको विद्यालय सुधार योजना अन्तर्गत विषयगत शिक्षकहरुको अभावलाई पुर्ति गर्ने गरी दरवन्दीको व्यवस्था गर्ने,<br>शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउन शिक्षकलाई सिकाइ सामग्री निर्माण र प्रयोगको तालिम, शिक्षकहरूमा आधारभूत प्रविधिको सीप विकास, एक शिक्षक एक ल्यापटप,<br>प्रविधिको प्रयोग, उत्प्रेरणा कार्यक्रमहरुको सञ्चालन गर्ने, |

| | |
|---|---|
| | शिक्षकको व्यावसायिक विकासमा ट्रेड युनियनमा सँगठिन हुने अधिकारलाई सुनिश्चित गर्दै दलगत राजनीतिमा हुने आवद्धतालाई निरुत्साहित गर्ने,<br>विद्यालय व्यवस्थापन समितिलाई दलीय भागबण्डाबाट मुक्त राखी विद्यालय विकास र सुधारमा प्रतिवद्ध स्कुल बोर्डको रूपमा विकास गर्ने,<br>गुणस्तर विकासका लागि प्रत्येक स्थानीय तहमा विद्यालयहरूको सिकाइ उपलब्धिको अवस्थाको मापन गर्ने र तथ्याङ्कलाई सार्वजनिक गर्ने परिपाटीको निर्माण, स्थानीय तहले आफ्नो अधिकारक्षेत्रभित्र रही आवश्यक नीति, ऐन र नियम बनाउने, आफ्नो तहको अवस्था र शिक्षा विकासको रणनीतिलाई ध्यानमा राख्दै स्थानीय सरकारले राष्ट्रिय मापदण्डभित्र पर्ने गरी शिक्षक नियुक्ति,<br>शिक्षकको व्यावसायिक विकास, सरुवा आदिको आफ्नै नीति बनाउन सक्ने,<br>संस्थागत विद्यालयलाई गैरनाफामूलक वा सार्वजनिक गुठीमा आबद्ध हुन प्रोत्साहन,<br>विषेश आवश्यकता भएका तथा पिछडिएका वर्गका विद्यार्थीको शिक्षामा पहुँच पुर्याउन स्थानीय सरकारहरूकालाई प्रतिस्पर्धात्मक अनुदान उपलब्ध गराउन नवप्रवर्द्धन कोषको व्यवस्था,<br>बीचमै पढाइ छाडेका युवालाई व्यवसायिक तालिम मार्फत सीप विकासका साथै समकक्षता प्रमाणिकरणको (Equivalency Certification) व्यवस्था मिलाइने,<br>न्युन आय भएका दलित समुदायका विधार्थीहरुलाई छात्रावृत्तिको व्यवस्था,<br>अपाङ्गता भएका बालबालिकाको शिक्षाको पहुँच सुनिश्चित,<br>स्थानीय तहमै सार्वजनिक तथा संस्थागत विद्यालयहरुमा समावेशी शिक्षा नीति अनुरुप छात्रवृत्ति सहितको निःशुल्क र गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्ने । |
| **राष्ट्रिय प्रजातन्त्र पार्टी** | सबै विद्यालयमा अनिवार्य कम्प्युटर शिक्षा, फरक शारीरीक क्षमता भएका विद्यार्थीका लागि विशेष कक्षाको व्यवस्था,<br>अशत्त, अशाहाय, टुहुरा बालबालिकालाई आवश्यक शिक्षाको व्यवस्था लागि स्याहार केन्द्रहरुको स्थापना गर्ने, |
| **जनता समाजबादी पार्टी** | रोजगारमुलक र गुणस्तरिय शिक्षा प्रदान गर्ने, विद्यालयहरुमा कम्प्युटर शिक्षामा जोड दिने,<br>स्थानीय तहहरूले शिक्षामा सुरूमा कूल बजेटको १० प्रतिशतसम्म लगानी गर्ने । |

| | |
|---|---|
| **एकिकृत समाजबादी** | माध्यमिक तहको शिक्षा पूरा गरेका विद्यार्थीलाई सिक्दै र कमाउँदै (लर्न एन्ड अर्न) प्रणालीबाट पढ्दै, सिक्दै र पढाइ खर्चका लागि कमाउँदै गर्ने कार्यक्रम सुरु गर्ने,<br>इ लाइब्रेरीको स्थापना गर्ने,<br>आफ्ना अभिभावक गुमाएका बालबालिकाको भरणपोषण र शिक्षामा सहयोग पुर्याउनकालागि प्रत्यक पालिकामा बाल संरक्षण कोष स्थापना गर्ने |
| **विवेकशिल साझा** | महानगरपालिकाको बजेटमा शिक्षालाई उच्च प्राथमिकता दिई उल्लेख्य रकम वृद्धि गर्ने,<br>प्रधानाध्यापक तथा शिक्षकहरुको दक्षता अभिवृद्धिका लागी स्वदेशमै वा आवश्यकता हेरी देशबाहिर समेत प्रशिक्षणमा पठाउने व्यवस्था गर्ने,<br>हरेक सामुदायिक विद्यालयमा उद्यमशीलताको कक्षा अवनिवार्य संचालन गर्ने |
| **बालेन शाहा** | प्रारम्भिक बाल्यकाल शिक्षा देखि सुचना प्रविधिको शिक्षाको परिचय दिने पाठ्यक्रमको विकास गर्ने |
| **लोकतान्त्रिक समाजबादी पार्टी** | विद्यालयहरुमा थप कम्प्युटरका लागि पर्याप्त लगानिको व्यवस्था गर्ने,<br>हरेक विद्यालयमा अनिवार्य छात्रावासको निर्माण व्यवस्था गर्ने । |

एनसिइले शिक्षा क्षेत्रको विकासमा राजनैतिक दललाई दिएको सुझाव मध्य निकै संवेदनशिल मुद्धाहरुमा कुनै पनि राजनैतिक दलले संबोधन नगरेको वा चासो नदेखाएको पाइयो । आज पनि विद्यालयमा हुने यौन दुव्यवहारका कारण धेरै बालबालिका विद्यालय छाड्ने गरेको पाइन्छ । यसको पहिचान र न्युनिकरण गर्ने जिम्मेवारी सरकार र विद्यालय व्यवस्थापन समितिको हो । यस्ता हिंसाका विरुद्ध आवाज उठाउन प्रोत्शाहान गर्ने र हिंसामा संलग्नलाई कडा सजायको व्यवस्था गरी राज्यले विद्यालयलाई सुरक्षित थलो बनाउनुपर्छ । बालबालिका माथि हिंसा वा दुर्व्यवहारका कार्य विद्यालयमा मात्र नभइ घरमा पनि हुने गरेको पाइन्छ । यस्ता हिंसा जन्य कृयाकलापले बालमनोविज्ञानमा पनि गहिरो असर छाड्ने गर्दछ । तर यस्तो संवेदनशिल विषयलाई कुनै राजनैतिक दलले सम्बोधन नगरेको पाइयो । हाम्रो सार्वजनिक विद्यालयको औषत सिकाई उपलब्धि दर ५० % भन्दा पनि कम छ यस विषयमा एनसिईले औसत सिकाई उपलब्धि दर ५ वर्षमा कम्तिमा ५५ % पुर्याउने कार्ययोजनाको निर्माण गर्नुपर्ने भन्ने कुनै

पनि राजनैतिक दलले यस विषयमा कार्ययोजना तयार नगरेको देखिन्छ । शिक्षालाई प्रविधिसँग जोड्ने कुरा प्राय सबै राजनैतिक दलका घोषणापत्रमा समावेश भएको पाइयो तर पनि प्रविधिले सृजना गरेको असमानता कम गर्ने बारे कसैले चासो नदिएको पाइन्छ ।

कोभिडको कारणले भएको सिकाई क्षति कम गर्न नेपाली काग्रेंसले सिकाई क्षतिलाई पुर्ति गर्न सुधारात्क कक्षाको प्रवन्ध गर्ने कुरा आफ्नो घोषणापत्रमा उल्लेख गरेको पाइन्छ त्यसबाहेक अरु राजनैतिक दलले त्यस विषयमा चासो नदेखाएको पाइयो । कोभिडका कारण शिक्षण सिकाइमा परेको प्रभावबारे हामी सबै जानकार नै छौ । भविष्यमा त्यस्ता विशम् परिस्थितिमा पनि शिक्षण सिकाई निरन्तर होस् भन्नका लागि र जस्तो सुकै स्थितिमा पनि सिकाई नरोकियोस भन्नका लागि कसैले पनि वैकल्पिक योजना तयार नगरेको पाईयो । स्थानिय तह देखि नै शिक्षा क्षेत्रलाई गौरवको आयोजनाका रुपमा स्वीकार गर्ने र सोहि अनुसार बजेट तथ स्रोत साधनको प्रवन्ध गरी प्राथमिकता दिने प्रतिवद्धता हुनुपर्ने, र प्रत्यक वर्ष आ-आफ्ना दल र उम्मेदवारले जारी गारेको घोषणापत्र समीक्षा गर्ने, जस्ता एनसिईले सुझाव दिएका मुद्दाहरु राजनैतिक दलको घोषणापत्रमा समावेश नभएको पाइएको छ ।

यस्ता विषयवस्तु सबै राजनैतिक दलको जिम्मेवारीको क्षेत्रमा पर्नुपर्ने विषयवस्तु हुन् । समावेशी शिक्षा, समतामुलक शिक्षा र शिक्षा सबैको पहुँचमा पुर्याउनका लागि सबै राजनैतिक दल र सबै तहको सरकारले जबसम्म यस्ता विषयवस्तुमा ध्यान दिएर कार्ययोजना तयार गर्दैन तब सम्म सार्वजनिक शिक्षा गुणस्तरिय, समतामुलक र समावेशी हुनसक्दैन ।

## शिक्षाका लागि राष्ट्रिय अभियान (एनसिईई नेपाल)

शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल देशका विभिन्न ४६० राष्ट्रिय /अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, शिक्षक संगठन, शिक्षामा क्रियाशील संचार माध्यमहरु तथा अन्य समुदाय स्तरमा परिचालित संघसंस्थाहरुको एक राष्ट्रिय सञ्जाल हो। सार्वजनिक शिक्षा सुदृढीकरण गर्ने र प्रत्येक नागरिकको शिक्षा पाउने अधिकार सुनिश्चित गर्ने उद्देश्यका साथ सन् २००३ मा शिक्षाका लागि विश्वव्यापी अभियान नेपाल च्याप्टरको रुपमा आफ्नो यात्रा सुरुवात गरेको यस अभियानले गुणस्तरीय, समावेशी र समतामूलक शिक्षा सुनिश्चित गर्नका लागि स्थापनाकालदेखि नै काम गर्दै आइरहेको छ। एनसिईई-नेपाल गुणस्तरीय शिक्षाको सुनिश्चित गर्नका लागि आवाज विहीनहरुको आवाज बुलन्द पार्ने एक नागरिक आन्दोलन हो। समतामूलक समाज निर्माणको आधारको रुपमा शिक्षा अधिकारलाई स्थापित गर्न नीतिगत पैरवी र कार्यान्वयनमा निरन्तर खवरदारी एवम् साझेदारी गर्दै शिक्षाको नागरिक सञ्जालको रुपमा यो संस्था निरन्तर अगाडि बढीरहेको छ। एनसिईई-नेपाल आफ्ना सदस्यहरु बीच विभिन्न अनुभव आदानप्रदान गर्दै उनीहरुका साझा मुद्दा र अभियानमा हातेमालो गर्ने एउटा विशिष्ट मञ्चका रुपमा विकसित भइरहेको छ।

## दूर दृष्टि (Vision)

शिक्षाका माध्यमबाट प्रत्येक नागरिकको सशक्तीकरण गर्दै समातामूलक, समावेशी र शान्तिपूर्ण समाजमा आफ्नो सर्वोपरी हितका निमित्त क्रियाशील रहने।

## परिकल्पना (Mission)

शिक्षा क्षेत्रको नीतिगत विकास र कार्यान्वयनको अवस्थालाई सुदृढ गर्न दवाब समूहको रुपमा कार्य गर्दै तथा नियमन गर्दै सीमान्तकृत, विपन्न र अवसरबाट वञ्चित बालबालिका, युवा एवम् प्रौढ समुदायको सशक्तीकरणका लागि अध्ययन अनुसन्धान, नीतिगत पैरवी, सरोकारवालाको क्षमता र ऐक्यवद्धता अभिबृद्धि, सञ्जालीकरण, सूचना प्रवाह र स्रोत परिचालन लगायतका कार्यमा सहजीकरण गर्ने।

## गन्तव्य (Goal)

प्रत्येक बालबालिका, युवा र प्रौढको निःशुल्क, अनिवार्य, समावेशी, समातामूलक र गुणस्तरीय शिक्षा प्राप्त गर्ने नैसर्गिक अधिकारलाई सुनिश्चित गराउने।